नेपाल सरकार

**रत्ननगर नगरपालिका**

प्रदेश नं.३, चितवन

# क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०७/०३

यस रत्ननगर नगरकार्यपालिकाको कार्यालयको आ.ब. ०७६/०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनि वा सो को आधिकारिक बिक्रेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात, सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिम छुट्टाछुटै शिलवन्दी प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. शिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस रत्ननगर नगरकार्यपालिकाको कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।

२. उक्त प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनि वा त्यसको आधिकारिक विक्रेताहरूले आफ्नो फर्म/कम्पनी व्यवसाय दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.ब. २०७४/०७५ को आयकर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपीहरू तथा फर्म/कम्पनीको अनुरोध पत्र सहित सूचना प्रकासित भएको मिति ले बाह्रौं दिन (मिति २०७६/०७/१४) नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र उपस्थित हुनपर्नेछ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको तेह्रौं दिन (मिति २०७६/०७/१५) गते १२:०० बजे भित्र यस नगरकार्यपालिकाको कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएको सिलबन्दी प्राविधिक प्रस्ताव सोही दिन १३:०० बजे खोलिनेछ।

४. साथै मौजुदा सुचीमा सूचिकृत नभएका उत्पादक वा अधिकृत विक्रेता कम्पनीहरूले सूचिकृत गराई उल्लेखित सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ। सवारी साधनको विस्तृत स्पेसिफिकेसन यस कार्यालयको सूचना पाटीमा हेर्न सकिनेछ।

| क्र. सं. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | RAT/Chitwan/ 01/2076-077 | मोटरसाइकल र स्कुटर | Motor cycle - 120 to 125cc, 4- stroke petrol engine Scooter - 105 to 110 cc, 4 stroke petrol engine | मोटरसाइकल-९ स्कुटर -६ | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत प्राविधिक विशिष्टिकरण बमोजिम हुनेछ। |